Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

च.नं : १६७-२०८३/८४ मितिः २०८३/०६/२८

## महिलामाथि हुने हिंसा तथा दुर्व्यवहारका घटनाप्रति ओरेकको गम्भीर ध्यानाकर्षण

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधि सभा सदस्य खगेन्द्र सुनारसँग सम्बन्धित विषयमा सञ्चार माध्यम मार्फत सार्वजनिक भएको महिलाको मर्यादामा आँच पुऱ्याउने व्यवहार, अनुचित दबाब तथा धम्की सम्बन्धी गम्भीर आरोप प्रति महिला पुनर्स्थापना केन्द्र (ओरेक) को गम्भीर ध्यानाकर्षण भएको छ।

यस घटनाले महिलाको सुरक्षा, सम्मान र मानवअधिकारका साथै राजनीतिक क्षेत्रमा क्रियाशील महिलामाथि सांसद जस्तो गरिमामय पद धारण गरेको व्यक्तिवाट नै भएको यस प्रकारको घटनाले महिलाको सुरक्षासम्बन्धी गम्भीर प्रश्न उठाएको छ। नेपालमा महिलामाथि हुने हिंसाका घटनामा सामाजिक प्रतिष्ठा, राजनीतिक पहुँच, आर्थिक शक्ति र संस्थागत प्रभावका आधारमा प्रभावित महिलाको आवाज दबाउने, चरित्रमाथि प्रश्न उठाउने र न्याय प्रक्रियालाई प्रभावित पार्ने प्रवृत्ति अझै विद्यमान छ। यस्ता प्रवृत्तिले प्रभावित महिलालाई थप पीडा र असुरक्षीत बनाउनका साथै यस प्रकारका घटनाहरुले समाजमा दण्डहीनताको संस्कृतिलाई बलियो बनाउँछ। साथै राजनीतिक रुपमा अगाडी बढ्दै गरेका महिलाहरुलाई नेतृत्व तहमा आउन झन् हतोत्साहित गर्दछ।

राष्ट्रिय स्वतन्त्र पार्टीले यस विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै आन्तरिक छानबिन प्रक्रिया अघि बढाएको र छानबिनको निष्कर्ष नआएसम्म आरोपितलाई पदीय हैसियतमा कुनै पनि कार्य नगर्न निर्देशन दिएको विषयलाई ओरेकले सकारात्मक रूपमा लिएको छ। तथापि, आन्तरिक छानबिनसँगै राज्यका सम्बन्धित निकायबाट घटनाको स्वतन्त्र, निष्पक्ष र प्रभावमुक्त अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्न ओरेक जोडदार माग गर्दछ।

साथै, सार्वजनिक भएका आरोपको निष्पक्ष अनुसन्धान सुनिश्चित गर्दै प्रभावित महिला र उनको परिवारमाथि हुन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी उनीहरूको सुरक्षा, गोपनीयता र मर्यादाको संरक्षणका लागि तत्काल आवश्यक कदम चाल्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ। अनुसन्धानबाट आरोप प्रमाणित भएमा प्रचलित कानुनबमोजिम सम्बन्धित व्यक्तिलाई प्रतिनिधि सभा सदस्य पदबाट निलम्बन तथा पदमुक्तिसम्बन्धी कानुनी प्रक्रिया अघि बढाउनुका साथै कानुनअनुसार हदैसम्मको कारबाही गर्न ओरेक जोडदार माग गर्दछ।

महिलामाथि निजी तथा सार्वजनिक जीवनमा हुने कुनै पनि प्रकारका हिंसा, दबाब र धम्कीप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चाल्न तथा प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न ओरेक सम्बन्धित सबै पक्षसँग आग्रह गर्दछ।

रेखा श्रेष्ठ शर्मा
कार्यकारी निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org